भक्तपुर जिल्ला अदालत

भक्तपुर

मिति २०७८।२।२८ मा प्रकाशित सूचना

सूचना। सूचना।। सूचना।।।

कोरोना भाइरस (कोभिड- १९) को नयाँ भेरियन्ट विश्वव्यापिरुपमा फैलिइरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारका सम्बद्ध निकायबाट जारी निषेध आदेश तथा सम्मानीत सर्वोच्च अदालतबाट मिति २०७८।१।१४ मा जारी प्रेस विज्ञप्तीसमेतलाई मार्ग निर्देशनका रुपमा ग्रहण गरी यस अदालतबाट प्रवाह हुने सेवामा मिति २०७८।१।१६ देखि संकुचन ल्याई त्यसैलाई हालसम्म निरन्तरता दिदै आएकोमा सर्वोच्च अदालतबाट श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई सञ्चालन सम्बन्धी निर्देशिका, २०७८ जारी भएको तथा पछिल्लो समयमा भएको सरोकारवालाहरु जिल्ला सरकारी वकिल कार्यालय तथा भक्तपुर जिल्ला बार एशोसियसनसँगको छलफल र परामर्शबाट सहमति भए बमोजिम पूर्व प्रकाशित सूचनामा सेवा प्रवाह हुने भनि उल्लेख गरिएका कामकारवाही र संकुचन गरिएका कामकारवाही यथावत रहने गरी देहाय बमोजिम उल्लेख भएको थुनुवा मुद्दाको सुनुवाई देहायको मितिबाट गर्ने गरी यस अदालतको मिति २०७८।२।२८ गतेको निर्णयानुसार यस अदालतबाट सम्पादन हुने कामकारवाही र सेवा प्रवाहका सम्बन्धमा देहाय बमोजिम गर्ने गरी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

तपसिल

१. बन्दीप्रत्यक्षीकरणको निवेदन लगायत अभियोगपत्र दर्ता, बयान, थुनछेक आदेश र सो सम्बन्धी सुनुवाई, म्याद थप,पक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जी समर्थन, CDR को स्वीकृति,घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता, मुद्दा फिर्ता, डिसमिस, तामेली , मिलापत्र ,बालसुधार, सजाय निर्धारण सम्बन्धी कामकारवाही लाई निरन्तरता दिने।
२. मिति २०७८।२।३० गते देखि विशुद्ध थुनामा रहेका र अङ्ग पूगेका थुनुवा मुद्दा क्रमशः आइतवार देखि बिहिवारसम्म एउटा इजलासमात्र संचालन हुने गरी एक थान थुनुवा मुद्दाको सुनुवाई गर्ने । पूर्व सूचनामा उल्लेखित कामकारवाहीको सेवा स्थगनलाई निरन्तरता दिने।
३. उपरोक्तानुसार सुनुवाई हुने भनि तय भएको मुद्दाको सुनुवाई सम्भव भएसम्म विधुतीय/ भर्चुअल माध्यमबाट गर्ने व्यवस्था मिलाउने। यसका लागि सर्वोच्च अदालतबाट जारी भएको श्रव्य दृश्य सम्वाद भिडियो

कन्फरेन्स मार्फत सुनुवाई सञ्चालनसम्बन्धी निर्देशिका, २०७८ को अबलम्बन गरिने। श्रव्य दृश्य सम्वाद भिडियो कन्फरेन्स मार्फत सुनुवाई सञ्चालनको लागि यस अदालतको सूचना प्रविधि सहायक समेतको सहयोगमा प्रशासनले युजर म्यानुअल बनाई सम्प्रेषण गर्ने।

४. विधुतीय/ भर्चुअल माध्यमबाट गर्न नसकिने अवस्था रहेको वा भौतिक उपस्थितिबाटै गर्नुपर्ने देखिएकोमा सुनुवाईमा पक्ष विपक्षका एक/एक जना कानून व्यवसायी मात्र इजलासमा उपस्थिति हुने व्यवस्था मिलाउने। सो भन्दा बढी कानून व्यवसायी रहेमा आलोपालो गरी बहस व्यवस्थापन गर्ने वा बहसनोट पेश गर्ने प्रवन्ध मिलाइने। यसको सहजीकरण भक्तपुर बार एशोसियसनले समेत गर्ने गरी अनुरोध गर्ने। कामकारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा रिट निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रिने ।

५. स्वीकृत स्वास्थ्य सुरक्षाका मापदण्डहरु सबले अनिवार्य रुपमा पालना गरेको हुनुपर्ने।

६. जोखिमको अवस्था र परिस्थितिको मूल्याङ्कन गरी जिल्ला सरकारी वकिल कार्यालय, भक्तपुर जिल्ला बार एशोसियसन लगायतका सरोकारवालाहरु संग छलफल गरी सेवा प्रवाहमा विस्तार/संकुचन तथा दर्ता र सुनुवाई विधिमा पुनरावलोकन गर्दै जाने ।